अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।२७ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

रूपन्देही जिल्ला अदालत बाल इजलासमा कार्यरत बाल मनोविज्ञ शान्ति देवी अधिकारीले बाल मनोविज्ञान प्रतिवेदन सरल रूपमा तयार गरी छिटो पेशी गराईदिन्छु भनि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निज बाल मनोविज्ञ शान्ति देवी अधिकारीले सेवाग्राहीसँग रू.१०,००० । - (दश हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा जिल्ला रूपन्देही सिद्धार्थनगर, नगरपालिका वडा -८ स्थित नेपाल विद्युत प्राधिकरण भैरहवा बितरण केन्द्र/कार्यालयको गाडी ग्यारेजबाट रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता